# आर्थिक वर्ष २०८०/८१ को
# बार्षिक बजेट तथा कार्यक्रम

## विहादी गाउँपालिका
### पर्वत जिल्ला
## गण्डकी प्रदेश

२०८०/०३/१०

विहादी गाउँपालिका

# बजेट वक्तव्य

**नमस्कार**

विहादी गाँउपालिकाको बाह्रौँ गाँउसभाका सभाध्यक्ष महोदय,
गाँउ सभाका सदस्यज्यूहरु,
उपस्थित कर्मचारीहरु,
पत्रकार ज्यूहरु,
सुरक्षाकर्मी,
अन्य महानुभाव ज्यूहरु,

विहादी गाउँपालिकाको बाह्रौँ गाउँसभामा यहाँहरुलाई हार्दिक स्वागत गर्न चाहन्छु ।

- विद्युतीय परिघटनामा परि आफ्नो ज्यान गुमाउनु हुने यस सभाका सदस्य दिपक गुरुङ्गलाई सम्झन चाहन्छु । उहाँको चीर शान्तीको कामना गर्दछु।
- विहादी गाउँपालिकाको सामाजिक विकास, आर्थिक विकास ,पुर्वाधार विकास तथा मानब संशाधन विकास लगायतका विकास निर्माणका कार्य अगाडि बढाउने तथा गाँउपालिकाको अर्थतन्त्रलाई गतिशील तुल्याउने दृढ विश्वासका साथ विहादी गाँउकार्यपालिकाको तर्फबाट म यस गरिमामय गाँउसभा समक्ष आर्थिक बर्ष २०८०/८१ को बार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु।
- बजेट तथा कार्यक्रम प्रस्तुत गर्नु भन्दा अगाडि देशको रक्षार्थ आफ्नो प्राण उत्सर्ग गर्ने ज्ञात-अज्ञात अमर शहिदहरुलाई स्मरण गर्दै भावपुर्ण श्रद्दाञ्जली व्यक्त गर्न चाहान्छु ।
- नेपालको संविधानले परिकल्पना गरेअनुरुप गणतन्त्रात्मक संघीय शासन प्रणालीद्वारा लोकतान्त्रिक समाजवाद स्थापनार्थ नेपाल सरकारद्वारा लिएको समृद्ध नेपाल सुखी नेपाली बनाउने परिकल्पनालाई साकार पार्न यस गाउँपालिका प्रतिबद्ध रहँदै गाउँपालिकाको समग्र विकास र आम गाउँपालिका बासीको हक हित र अधिकारको रक्षा गर्न प्रतिबद्ध छ। गाउँपालिकाको अधिकार क्षेत्रभित्र रहि मौलिक हक र कर्तव्य सम्बन्धि संबैधानिक व्यवस्थाको कार्यान्वयन गर्न विहादी गाउँपालिका सदा प्रतिबद्ध रहि आएको छ।
- विहादी गाउपालिका बासीको जनभावना बुझि जनआकांक्षा र आवश्यकतालाई प्राथमिकतामा राख्दै नागरिकको जीवनस्तरमा सुधार ल्याउने अपेक्षा गरेकी छु।
- भौगोलिक विविधता प्राकृतिक सुन्दरता बहुजातीय बहुधार्मिक बहुसाँस्कृतिक विशेषता युक्त यस विहादी गाउँपालिकालाई सदभाव र सहअस्तित्व स्विकार गर्दै विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गरि आउनुभएका राजनितिक दल, बुद्धिजीवी, शिक्षा प्रेमी, स्वस्थ्यकर्मी, अगुवा कृषक, उद्यमी, महिला, बालबालिका, लक्षित बर्ग, अपाङ्गता भएका, जेष्ठ नागरिक सबैको

सुझाब र आवश्यकतालाई मध्यनजर राख्दै विकास कार्यलाई प्रथमिकीकरण गर्दै निती तथा कार्यक्रममा समाबेश गरि बजेट विनियोजन गरिएको छ।

- विहादीबासी जनताको चाहना विकासप्रतिको मोह परिवर्तन प्रतिको आकाङ्क्षालाई पुरा गर्न सेवा प्रवाहमा सहजता प्रदान गर्न सिंगो विहादी गाउँपालिका निरन्तर अगाडी बढिरहेको छ।
- लोकतान्त्रिक अभ्यास, सामाजिक मूल्य मान्यता र न्यायमा आधारित समाज र समृद्ध गाँउपालिका निर्माण गर्नका लागि नेपालको नियम कानुनबमोजिम जनप्रतिनिधिज्यूहरु, विज्ञ,निजिक्षेत्र र नागरिकका अपेक्षा र सुझावलाई ध्यान दिँदै विविध कारण संकटग्रस्त अर्थतन्त्रलाई पुन: गतिशील र चलायमान बनाउन अनावश्यक खर्चलाई कटौती गर्दै स्थानीय स्रोत र साधनको परिचालन गरि सेवा, उत्पादन, रोजगारी अभिबृद्धि र दिगो विकासलाई अगाडि बढाउने लक्ष्य लिएको छु ।

**सभाध्यक्ष महोदय,**

चालु आ.व. को ११ महिनाको पालिकागत प्रगतिको विवरण तयार गरि पेश गरेको छु। चालु आ.व.को जेष्ठ मसान्त सम्म कुल विनियोजनको ५५.४७ प्रतिशत बजेट खर्च भएको छ। जुन अधिल्लो बर्षको सोही अवधिको तुलनामा ५.२८ प्रतिशत बढि हो। कुल खर्च मध्ये चालु तर्फ ६४.९३ प्रतिशत र पुँजिगत तर्फ ४०.२९ प्रतिशत रहेको छ। श्रोत व्यवस्थापन तर्फ चालु आ.व.को जेष्ठ मसान्तसम्मको अवधिमा ८०.१५ प्रतिशत प्राप्त हुन आएको छ। यो विवरण वित्तीय समानीकरण अनुदान, राजश्व बाँडफाँडबाट प्राप्त अनुदान, सशर्त अनुदान, समपुरक अनुदान, विशेष अनुदान र आन्तरिक श्रोत समेतलाई समेटेर बनाइएको हो ।

## आ.व. २०७९/८० मा सम्पन्न कार्यक्रम

मिति २०८० जेष्ठ मसान्त सम्मको खर्च को अवस्था

| | **बजेट** | **खर्च** | **बाँकी मौज्दात** | **कैफियत** |
|---|---|---|---|---|
| **चालु तर्फ** | 30,07,22,000.00<br>(३० करोड ७ लाख २२ हजार) | 19,52,61,695.12<br>(१९ करोड ५२ लाख ६१ हजार) | 10,54,60,304.88<br>(१० करोड ५४ लाख ६० हजार) | |
| **पूँजिगत तर्फ** | 18,71,95,000.00<br>(१८ करोड ७१ लाख ९५ हजार) | 7,54,31,094.12<br>(७ करोड ५४ लाख ३१ हजार) | 11,17,63,905.88<br>(११ करोड १७ लाख ६३ हजार) | |
| **कुल जम्मा** | 48,79,17,000.00<br>(४८ करोड ७९ लाख १७ हजार) | 27,06,92,789.24<br>(२७ करोड ०६ लाख ९२ हजार) | 21,72,24,210.76<br>(२१ करोड ७२ लाख २४ हजार) | |

यसरी बाँकी बजेट मध्ये  गाउँ कार्यपालिका र गाँउसभाको निर्णय बमोजिम स्विकृत कार्यक्रम अनुसारका बाँकि खर्च शिर्षकमा प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४, वित्तीय उत्तरदायित्व तथा आर्थिक कार्यविधि ऐन २०७६, वित्तीय उत्तरदायित्व तथा आर्थिक कार्यविधि नियमावली २०७७, लगायत प्रचलित कानुन बमोजिम खर्च गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक बर्ष २०८०/८१ को बजेटका उदेश्य तथा प्राथमिकता प्रस्तुत गर्न चाहान्छु।

बजेटका उदेश्यहरु निम्न अनुसार रहेका छन।

- संघीय संरचनाको बलियो आधार निर्माणका लागि गाँउपालिकाको भूमिका थप प्रभावकारी बनाउनु ।
- सुशासन,विकास र समृद्धि हासिल गर्न जोड दिँदै सार्वजनिक खर्चमा पारदर्शिता , मितव्ययिता र उत्तरदायित्व कायम गरि सरकारी खर्चको उपलब्धि बढाउनु ।
- उपलब्ध श्रोत र साधनको अधिकतम परिचालन गर्दै  प्राप्त प्रतिफलको न्यायोचित वितरण सुनिश्चित गर्नु।
- आर्थिक-सामाजिक र भौतिक पुर्वाधारहरुको विकास तथा निर्माणलाई तिव्रता दिनु ।
- अन्तरपालिका , प्रदेश र संघबिच सुमधुर सम्बन्ध कायम गरि समन्वय र अन्तरसम्बन्धलाई सुदृढ तुल्याउनु।

**माथि उल्लेखित उद्देश्य हासिल गर्न देहाय अनुसारका प्राथामिकता निर्धारण गरेको छु।**

- सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय ,पारदर्शी ,सर्वसुलभ र प्रविधिमैत्री बनाई नागरिकको पहुँच अभिवृद्धि गरिने ।
- समन्वय सहकार्य र एकताको भावना अनुसार गाँउपालिकाका काम कारबाही अगाडि बढाइने ।
- स्वास्थ्य पुर्वाधारहरुको विकास तथा विस्तार र दक्ष जनशक्तिहरुको व्यवस्थापन गरि समग्र स्वास्थ्य क्षेत्रको सुदृढिकरण गरिने ।
- कृषि तथा पशु  क्षेत्रको आधुनिकरण मार्फत उत्पादन र उत्पादकत्व अभिबृद्धि गर्दै खाद्य सुरक्षाको प्रत्याभुति गरिने ।
- भौतिक पुर्वाधार विकासमा जोड दिँदै क्रमागत योजनाहरुलाई सम्पन्न गर्ने तथा पुर्वाधार विकास निर्माणका नँया योजनाहरुलाई विशेष प्राथमिकता दिइने ।
- संघीय सरकार र प्रदेश सरकारसँगको सहकार्य र समन्वयलाई जोड दिइने ।
- स्मार्ट पिपुल अफ स्मार्ट गाँउपालिकामा जोड  दिँदै डिजिटल डिभाइडलाई न्यूनिकरण गरिने।
- कृषक बचतकोषलाई निरन्तरता दिइने।

- ❖ कृषि एम्बुलेन्स सञ्चालन गरिने,
- ❖ विपन्न तथा अपाङ्गता भएका नागरिकहरुको स्वास्थ्य वीमा कार्यक्रम सञ्चालन गरिने ।
- ❖ शिक्षा क्षेत्रलाई प्रविधिमैत्री बनाई शैक्षिक क्षेत्र सुधारमा विशेष जोड दिइने ।
- ❖ प्राकृतिक सम्पदाको संरक्षण गर्दै स्थानीय श्रोत र साधनको अधिकतम उपयोग गरि विकास निर्माणका कार्यहरु सञ्चालन गरिने ।

**श्रद्धेय अध्यक्षज्यू एवं सदस्यज्यूहरु,**

अब म विहादी गाउँपालिकाले आ.व. ०८०/८१ मा समावेश गरेका विशेष कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- ✓ विहादी गाउपालिकाका अधिकांश जनता कृषि पेशामा संलग्न भएको र कृषि तथा पशुविकास क्षेत्र नै प्रत्येक नागरिकको घरमा सरकार पुग्ने माध्यम भएको हुँदा कृषि र पशुविकासलाई उच्च प्राथमिकतामा राखि परम्परागत कृषि प्रणालीलाई प्रतिस्थापन गर्दै कृषिमा विविधिकरण, यान्त्रिकीकरण, आधुनिकीकरण र व्यवसायीकरण गर्ने तर्फ बजेट विनियोजन गरिएको छ ।
- ✓ जेष्ठ नागरिक, आधुनिकिकरण महिला बालबालिका अपाङ्ग सिमान्तकृत लोपोन्मुख राज्यको पहुँचबाट पछि परेका क्षेत्रका नागरिकलाई बिशेष महत्व दिइ लैङगिक समानता सामाजिक सुरक्षा तथा सामाजिक संरक्षणलाई जोड दिदै बजेट बिनियोजन गरिएको छ।
- ✓ शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, पर्यटन, भाषा, संस्कृति युवा तथा खेलकुदको लागि यथेष्ठ बजेट बिनियोजन गरिएको छ ।
- ✓ पुर्वाधार बिकासतर्फ यस आ.व. मा सिँचाइ, सडक, भवन निर्माण तथा मर्मत को लागि यथेष्ठ बजेट विनियोजन गरिएको छ ।
- ✓ प्राकृतिक प्रकोपले जन, धनको क्षति पुर्याउन सक्ने हुँदा अब यस्ता क्षति रोक्न तथा तत्काल राहत तथा उद्दार सम्बन्धि आवश्यक कार्यका लागि रकम बिनियोजन गरिएको छ ।

**आदरणिय सदस्यज्यूहरु**

अब म आ.व. ०८०/८१ को आय व्ययको अनुमानित बिवरण यस सम्मानित सभामा पेश गर्ने अनुमति चाहान्छु ।

## <u>आय तर्फ :</u>

- नेपाल सरकारबाट प्राप्त बित्तीय समानीकरण अनुदानतर्फ रु ७,५५,००,०००/- ( ७ करोड ५५ लाख),
- संघीय सरकार राजस्व बाँडफाँड तर्फ रु ५,९६,५५,०००/- ( ५ करोड ९६ लाख ५५ हजार ),
- संघीय सरकार सशर्त अनुदान
  चालु तर्फ रु २१,३०,००,०००/-( २१ करोड ३० लाख ),

पुँजीगत तर्फ रु १,९७,००,०००/-( १ करोड ९७ लाख)

- संघीय सरकारबाट प्राप्त समपुरक अनुदानतर्फ रु ७५,००,०००/- ( ७५ लाख मात्र ),

- संघीय सरकारबाट प्राप्त बिशेष  अनुदानतर्फ रु १,२५,००,०००/- ( १ करोड २५ लाख मात्र ),
- गण्डकी प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदानतर्फ रु ८९,५५,०००/- ( ८९ लाख ५५ हजार ),
- गण्डकी प्रदेश सरकार राजस्व बाँडफाँडतर्फ रु ३५,२९,०००/- ( ३५ लाख २९ हजार ),
- गण्डकी प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदानतर्फ रु ६०,००,०००/- ( ६० लाख मात्र ),
- गण्डकी प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदानतर्फ रु ५०,००,०००/- ( ५० लाख मात्र ),
- स्थानीय सरकार राजश्व बाँडफाँडतर्फ रु १३,००,०००/- ( १३ लाख )
- आन्तरिक आयतर्फ कर सेवा शुल्क र दस्तुर  गरि जम्मा रु २२,२३,०००/- ( २२ लाख २३ हजार मात्र),
- कालिगण्डकी जल विद्युत रोयल्टीबाट जम्मा रु ६०,००,०००/- ( ६० लाख मात्र),
- वन रोयल्टी जम्मा रु ७,०००/- (७ हजार मात्र),
- चालु आ.व.को अनुमानित अ.ल्या. रकम रु १,००,००,०००/- ( १ करोड मात्र),
- गत आ.ब.मा अ.ल्या.हुन बाँकी रकम रु ९९,७२,८६८/९७ ( ९९ लाख ७२ हजार )

**जम्मा कुल आय रु ४४,०८,४१,८६९ ।- ( ४४ करोड ०८ लाख ४१ हजार मात्र)** अनुमान गरिएको छ ।

## व्यय तर्फ

**चालु खर्च तर्फ : ( ७२.९१ प्रतिशत )**

- कार्यालय संचालन तथा प्रशासनिक चालु खर्च रु ६,२७,०२,०००/-( ६ करोड २७ लाख २ हजार ) विनियोजन गरेकी छु,
- वित्तिय समानीकरण अन्तर्गत पालिका विषयगत शाखा तथा वडागत कार्यक्रम खर्च रु ४,४१,९७,४९४/- ( ४ करोड ४१ लाख ९७ हजार ) विनियोजन गरेकी छु,
- सशर्त अनुदानको चालु खर्च रु २१,३०,००,०००/-( २१ करोड ३० लाख )
- विपद् व्यवस्थापन तथा राहत कोषमा रकम रु १५,००,०००/- ( १५ लाख ) विनियोजन गरेकी छु,

जम्मा **रु ३२,१३,९९,४९४।०० ( ३२ करोड १३ लाख ९९ हजार)**

**पुँजिगत खर्च तर्फ : ( २७.०९ प्रतिशत )**

- वित्तीय समानीकरण तर्फ रु ५,६२,४२,३७५/- (५ करोड ६२ लाख ४२ हजार) विनियोजन गरेकी छु
- संघीय सरकार सशर्त अनुदान रु १,९७,००,०००/- ( १ करोड ९७ लाख )
- संघीय सरकार समपुरक अनुदान (विहादी गाउँपालिकामा सिँचाई आयोजना ) रु७५,००,०००/- ( ७५ लाख मात्र)
- संघीय सरकारबाट प्राप्त बिशेष अनुदानतर्फ ( विहादी गाउँपालिकामा हाईटेक टनेल निर्माणको लागि ) रु १,२५,००,०००/- ( १ करोड २५ लाख मात्र ),
- प्रदेश सशर्त अनुदान ( विरुबारी- नेपालतारा-ठाटीचौर सडक स्तरोन्नती विहादी ३) रु ६०,००,०००/- ( ६० लाख मात्र)
- प्रदेश समपुरक अनुदान ( बाच्छाखोला-देउराली-बच्छेश्वर सडक स्तरोन्नती वडा नं.१) रु ५०,००,०००/- ( ५० लाख मात्र)
- समपुरक कोषमा रकम रु १,२५,००,०००/- ( १ करोड २५ लाख) विनियोजन गरेकी छु

जम्मा रु **११,९४,४२,३७५/- ( ११ करोड ९४ लाख ४२ हजार रुपैयाँ मात्र )**

**शाखागत बजेट विनियोजन**

| क्र.सं. | विषय | बजेट | कैफियत |
|---|---|---|---|
| १ | पशु विकास शाखा | ३० लाख | |
| २ | कृषि विकास शाखा | ९९ लाख ५० हजार | |
| ३ | सामाजिक सुरक्षा तथा पञ्जीकरण इकाई | १० लाख | |
| ४ | लक्षित बर्ग महिला दलित बालबालिका अपाङ्गता तथा संस्कृति संरक्षण तर्फ | ३८ लाख | |
| ५ | रोजगार सेवा केन्द्र | ३ लाख | |
| ६ | शिक्षा युवा तथा खेलकुद विकास शाखा | १ करोड २९ लाख ७१ हजार | |
| ७ | स्वास्थ्य शाखा | ७८ लाख ८० हजार | |
| ८ | न्यायीक समिति | ७ लाख ५० हजार | |
| ९ | उद्यम विकास शाखा | ६ लाख | |

**मुख्य कार्यक्रमहरु**

- ✓ विहादी वडा नं. ५ मा स्वस्थ्य पहुँचको लागि स्वास्थ्य इकाई स्थापनार्थ रु १ लाख विनियोजन गरेकी छु
- ✓ जेष्ठ नागरिक सम्मान गर्नको लागि रु ५ लाख विनियोजन गरेकी छु
- ✓ कृषि एम्बुलेन्सको संचालनको लागि रु ३२ लाख विनियोजन गरेकी छु
- ✓ व्यवसायिक कृषकलाई दुध ढुवानीमा अनुदान कार्यक्रम प्रति लिटर रु ५ का दरले रु ३ लाख विनियोजन गरेकी छु
- ✓ उन्नत गाई भैंसी खरिदमा रु२० हजारका दरले अनुदानमा रु ६ लाख विनियोजन गरेकी छु
- ✓ खाद्यान्न विउ विजनमा अनुदान दिनको लागि यथेष्ट बजेट विनियोजन गरेकी छु
- ✓ विपन्न नागरिक  तथा अपाङ्गता भएकाहरुलाई स्स्थ्य बीमा कार्यक्रमको लागि रु २० लाख विनियोजन गरेकी छु
- ✓ महिला स्वास्थ्य स्वयंसेविका सम्मान स्वरुप रु ६ लाख विनियोजन गरेकी छु
- ✓ ग्रामिण अल्ट्रा साउण्ड कार्यक्रमको लागि रु १ लाख ५० हजार विनियोजन गरेकी छु
- ✓ आम्बारी मा.वि.को लागि अनुदान स्वरुप रु २ लाख १६ हजार विनियोजन गरेकी छु
- ✓ दिवा खाजालाई निरन्तरता दिन बजेट विनियोजन गरेकी छु
- ✓ अध्यक्ष/ उपाध्यक्ष शैक्षिक सुधार कार्यक्रमको लागि रु ५ लाख विनियोजन गरेकी छु
- ✓ वहाकी सामुदायिक क्याम्पसको लागि रु ६ लाख ५० हजार विनियोजन गरेकी छु
- ✓ खेलकुद प्रवर्धनको लागि अध्यक्ष कप महोत्सवको लागि रु ७लाख विनियोजन गरेकी छु
- ✓ बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरुको लागि यथेष्ट बजेट विनियोजन गरेकी छु
- ✓ उपाध्यक्षसंग विपन्न उद्यमी महिला उत्थान तथा प्रोत्साहनको लागि रु ६लाख विनियोजन गरेकी छु
- ✓ अनाथ शिशु तथा विपद्मा परेका बालबालिका उद्धारको लागि रु १ लाख विनियोजन गरेकी छु।
- ✓ दलित समुदायमा चेतना अभिबृद्धिको लागि रु ७ लाख विनियोजन गरेकी छु
- ✓ बालबालिका तथा किशोर किशोरीहरुको लागि यथेष्ट बजेट विनियोजन गरेकी छु।

आर्थिक विधेयक २०८० र विनियोजन विधेयक २०८० तथा सो ऐनसंग सम्बन्धित अनुसूचिहरु छलफल गरियोस भन्ने प्रस्ताव सहित यसै साथ पेश गरेको छु।

सम्बोधन भएका योजना तथा कार्यक्रमहरु र सम्बोधन हुन नसकेका योजना तथा कार्यक्रमहरु क्रमिक रुपले सम्बोधन हुनेछन भन्ने विश्वास दिलाउन चाहन्छु। आ.ब.२०८०/८१ को लागि यस सभाबाट विनियोजित योजना तथा कार्यक्रमहरुको सफल कार्यान्वयनको लागि सबैको सहयोग र भुमिकाको अपेक्षा गरेकी छु।

विविध कारणहरुबाट उत्पन्न परिस्थितिको कारण हाम्रो सम्बृद्धिको यात्रामा केही अवरोध खडा भएता पनि हामी सबैको सहमति, सहकार्य, एकता र साझा संकल्प र हातेमालोबाट सम्बृद्ध र सुन्दर विहादी निर्माण गर्ने कार्यमा सफल हुनेछौ भन्ने आशा लिएकी छु ।

अन्त्यमा सम्पूर्ण सदस्यहरु एवं व्यक्तित्वहरुमा हार्दिक आभार व्यक्त गर्दछु।

धन्यवाद नमस्कार ।

**मिना शर्मा तिवारी**
**उपाध्यक्ष**
**विहादी गाउँपालिका, वहाकीठाँटी, पर्वत**